स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक



शुक्रबारबाट प्रदर्शनमा आएको फिल्म 'रंगी' बुकिङ खुलेको समयदेखि नै हलहरुको उपेक्षामा पऱ्यो । पहिलो दिन देशभर ६० शो पनि पाएन । प्रदर्शनमा आएको अर्को फिल्म 'दुःखी आत्मा'को शो दुई सय बढी थियो । नेपालकै ठूलो मल्टीप्लेक्स चेन क्यूएफएक्सले 'रंगी'लाई शोमा सबैभन्दा बढी चेपेको देखिन्छ । केही हलमा दर्शक प्रतिक्रिया बुझ्न पुगेका फिल्मका निर्माता एवं अभिनेता सलोन बस्नेत क्यूएफएक्स चेनप्रति असन्तुष्ट देखिए । क्यूएफएक्सले सुरुदेखि नै आफूलाई पेलिरहेको उनको गुनासो थियो ।

आजको विचार...



गणतन्त्रको...
(दुई पेजमा)

डा. गणेशप्रसाद घिमिरे



आगामी चैत ८ गतेबाट प्रदर्शनमा आउन लागेको क्राइम-थ्रिलर फिल्म '११:५५' को टिजर सार्वजनिक गरिएको छ । आइतबार सार्वजनिक १ मिनेट ३४ सकेण्ड लम्बाईको टिजरमा लभ, रोमान्स, धोका र बदलाको कथा समेटिएको छ । विश्वास गरिएका व्यक्तिबाटै समस्यामा परेका पात्रहरुको कथामा फिल्म आधारित रहेको टिजरले प्रष्ट पार्छ । केशव पाण्डेको कथा तथा निर्देशनमा तयार भएको फिल्ममा सृष्टि श्रेष्ठ, महेश त्रिपाठी, करिष्मा श्रेष्ठ, एमएस अग्रज, बुद्धि तामाङ, विशाल पहारी, सागर खनाल लगायतको अभिनय छ । फिल्ममा निर्देशक पाण्डेसँगै एमएस अग्रज र शेखर ज्ञवालीको लेखन छ ।

❒ वर्ष ३० ❒ अंक २०५ ❒ २०८१ फागुन ५ गते सोमबार 17 February 2025, Monday ❒ पृष्ठ संख्या ४ मूल्य रू ५/-

## संक्षिप्त समाचार

### गाजामा तीन प्रहरी अधिकारीको मृत्यु

(रासस/सिन्हुवा)

**जेरुसेलम,** फागुन ४/गाजा पट्टीमा आइतबार इजरायली हवाई आक्रमणमा कम्तीमा तीन प्रहरी अधिकारीको मृत्यु भएको प्यालेस्टिनी स्रोतले जनाएको छ ।

इजरायली सेनाका प्रवक्ताले दक्षिणी गाजामा ड्रोनद्वारा गरिएको आक्रमणले सशस्त्र व्यक्तिहरूलाई निशाना बनाएको एक विज्ञप्तिमार्फत जनाएको छ । प्यालेस्टाइनको आन्तरिक तथा राष्ट्रिय सुरक्षा मन्त्रालयले रफाहको पूर्वमा अल-शौका क्षेत्रमा मानवीय सहायता पुऱ्याउने क्रममा अधिकारीहरूमाथि आक्रमण भएको एक विज्ञप्तिमा उल्लेख गरेको छ । मन्त्रालयले आक्रमणको निन्दा गरेको छ । साथै, अन्तर्राष्ट्रिय मध्यस्थकर्ताहरूलाई इजरायललाई पुलिस बलहरूमा आक्रमण रोक्न दबाब दिन आग्रह गरेको छ । जनवरी १९ मा लागू भएको हमाससँगको युद्धविरामको बावजुद इजरायलले गाजामा धेरै हवाई आक्रमण गरिरहेको छ ।

# आहार व्यवस्थापनले गिद्धको संख्या बढ्दै

रासस

**रामपुर (पाल्पा),** फागुन ४/गिद्धलाई विश्वमै दुर्लभ पक्षीका रुपमा चिनिन्छ । पहिले यत्रतत्र छरपष्ट देखिने गिद्ध पछिल्लो समय कमै देखिन्छन् । बासस्थानको समस्या, आहारको अभाव, जलवायु परिवर्तन र औषधिको प्रयोगले गिद्धको संख्या पातलिँदै गएको बेला यहाँ भने ह्वात्तै बढेको छ ।

दुर्लभ पक्षीका रुपमा लिइने गिद्ध लोप हुन नदिन खरैनी सामुदायिक वन समूहले संरक्षण अभियान थालनी गरेपछि गिद्धको संख्या बाक्लिँदै गएको छ । पाल्पा रामपुर नगरपालिका-८ स्थित कालीगण्डकी नदीको तटमा रहेको यस वन क्षेत्रलाई गिद्ध संरक्षण क्षेत्र बनाइएको छ । आहार अभावमा ६० को हाराहारीमा गिद्ध रहेको यस वन क्षेत्रमा हाल ३०० बढी गिद्ध छन् ।



आहार व्यवस्थापन, सुरक्षित बासस्थानको व्यवस्था गरिएपछि गिद्धको संख्या बढ्दै गएको वन समूहका अध्यक्ष छायाचन्द्र पंगेनीले जानकारी दिए ।

वन क्षेत्रभित्र मरेका पशुचौपाया यत्रतत्र फाल्न नदिने, आहार व्यवस्थापनका लागि निश्चित ठाउँको व्यवस्था, गाउँघरमा मरेका पशुको उचित व्यवस्थापन गर्दै आहारका रुपमा ल्याउने व्यवस्था गरिएको अध्यक्ष पंगेनी बताउन्छन् । 'पहिला गिद्धलाई आहारा खुवाउने चलन थिएन, आफैँले खोजेर लिने गर्दथे, अहिले वन क्षेत्रमा निश्चित ठाउँ छुट्याएर आहार व्यवस्थापन गरिएको छ, आहार व्यवस्थापन हुन थालेपछि संख्या बढ्दै गएको छ', उनले भने । रामपुर नगर गौशालासँग समन्वय गरेर १ वर्षदेखि आहारलाई व्यवस्थित गरिएको अध्यक्ष पंगेनीले जानकारी दिए । उजका अनुसार गौशालामा मरेका गाईहरु वन समूहले एक हजार र गौशालाका तर्फबाट एक हजार ढुवानी खर्च व्यवस्थापन गरेर आहारका रुपमा ल्याउने कार्य भइरहको छ । रामपुर-८ का जुनसुकै स्थानमा मरेका पशु ल्याउन ५०० र अन्य स्थानबाट ल्याउन एक हजार ढुवानी शुल्क तोकिएको छ । वनको आयस्रोत भनेको झाँडी सरसफाइ, काठपात बिक्री नै हो । ठूलो आयस्रोत नहुँदा मरेका पशुहरु टाढा-टाढाबाट ल्याउन भने ढुवानी खर्चको समस्या भइरहेको अध्यक्ष पंगेनीले जनाए । सम्बन्धित व्यक्तिले वन समूहसँग सम्पर्क गरेर अनुमति लिएर मात्रै मरेका गाईवस्तु ल्याउने व्यवस्था वन समूहले गरेको छ ।

आहार र बासस्थान समस्याले चितवन राष्ट्रिय निकुञ्जको कसेरामा गिद्धले बासस्थान सारेको थियो । पछिल्लो समय बासस्थान व्यवस्थित र आहार व्यवस्थापनलाई स्थानीयले चासो दिन थालेपछि पुन: फर्केर यही बासस्थान बनाएर बसेका छन् । गिद्धको आहार व्यवस्थापनका लागि करिब नौ लाखको लागतमा आहार केन्द्र, गिद्ध अवलोकनका लागि रुखघर निर्माण गरिएको छ । 'यहाँ प्रशस्त मात्रामा गिद्धहरु भेटिन्थे, आहार कम र सिमलका रूखहरु मासिन थालेपछि हराउँदै गएका हुन्,' उनले भने, 'अहिले सिमलका रूखहरु जोगाउने, आहार व्यवस्थित गरिन थालेपछि गिद्ध बढ्दै गएको छ, आहार व्यवस्थापन कमजोर हुँदा बच्चा उत्पादन दर कम हुने र जन्मेका बच्चा सफल हुने दर कम भएको पाइयो, अब बासस्थान जोगाउने, आहार परिपूर्तिमा हाम्रो ध्यान केन्द्रित छ ।' गिद्ध संरक्षण गर्दै यहाँ जटायु पार्क पनि निर्माण गरिएको छ । यहाँ पार्क बनेपछि शनिबार र बिदाका दिन अवलोकन गर्न आउनेको चहलपहल बढ्न थालेको छ । पर्यटकलाई लक्षित गर्दै यहाँ पौवा, बुद्धको मूर्तिसहितको मन्दिर, कालीगण्डकी नदीको किनारसँग जोडिएको ८ सय ४० मिटरको पैदलमार्ग र प्रवेशद्वार निर्माण गरिएको छ । यहाँ भएका संरचना निर्माण तथा वन संरक्षणका लागि जिल्ला वन कार्यालय पाल्पाले सघाएको छ ।

-...बाँकी अन्तिम पेजमा

## पेट्रोलको मूल्य बढ्यो, डिजेल/मट्टीतेलको घट्यो



**पाल्पा,** फागुन ४/नेपाल आयल निगमले पेट्रोलको भाउ बढाएको छ । इण्डियन आयल कर्पोरेसनले पठाएको नयाँ मूल्यसूचीअनुसार निगमले पेट्रोल लिटरमा १ रुपैयाँ बढाएको हो ।

पेट्रोलको मूल्य बढे पनि डिजेल/मट्टीतेलको भने घटाएको छ । नयाँ मूल्यसूची अनुसार निगमले पेट्रोल डिजेल र मट्टीतेलमा ४ रुपैयाँले घटाएको हो । निगमको शनिबार बसेको सञ्चालक समितिको निर्णयअनुसार पेट्रोल पहिलो वर्गका लागि प्रतिलिटर १ सय ६५ रुपैयाँ ५० पैसा, दोस्रो वर्गमा १ सय ६७ रुपैयाँ र तेस्रो वर्गका लागि प्रतिलिटर १ सय ६५ रुपैयाँ कायम भएको छ । यस्तै, डिजेल र मट्टीतेल पहिलो वर्गका लागि प्रतिलिटर १ सय ५३ रुपैयाँ ५० पैसा, दोस्रो वर्गमा १ सय ५५ रुपैयाँ र तेस्रो वर्गका लागि प्रतिलिटर १ सय ५६ रुपैयाँ कायम गरिएको छ । निगमले चारआली, विराटनगर, जनकपुर, अमलेखगञ्ज, भलबारी, नेपालगञ्ज, धनगढी र वीरगञ्ज डिपो पहिलो वर्ग, सुर्खेत र दाङ दोस्रो तथा काठमाडौँ, पोखरा र दिपायलस्थित डिपोलाई तेस्रो वर्र्गमा वर्गीकरण गरेको छ ।

इन्डियन आयल कर्पोरेसनबाट प्राप्त नयाँ खरिद मूल्यअनुसार प्रतिलिटर पेट्रोलमा रु ०.५८ बढेर र डिजेलमा ३.५९ घटेर आएकाले मूल्य समायोजन गरिएको निगमले जनाएको छ ।

## फागुन ७ गते महामन्त्री गगन थापा पाल्पा आउने

**पाल्पा,** फागुन ४/नेपाली काँग्रेसका महामन्त्री गगन कुमार थापा यही फागुन ७ गते पाल्पा आउने भएका छन् । नेपाली काँग्रेस पूर्वखोला गाउँपालिकाको आयोजनामा हुन लागेको 'प्रथम लोकतान्त्रिक महोत्सव'लाई सम्बोधन गर्न महामन्त्री थापा पाल्पा आउन लागेका हुन् ।



काँग्रेसले प्रजातन्त्र दिवसको अवसर पारेर पहिलो पटक लोकतान्त्रिक महोत्सव गर्न लागेको हो । महोत्सव सफल पार्न नेपाली काँग्रेस पाल्पाले तयारीलाई व्यापक बनाउन काँग्रेस पूर्वखोलालाई निर्देशन समेत गरेको छ । उसले जिल्लामा पनि सोही अनुसार तयारीलाई तिव्रता दिएको छ । काँग्रेसका जिल्ला सभापति हिमालदत्त श्रेष्ठले महोत्सवलाई भव्य र सभ्य रुपमा सफल पार्न संगठनका सम्पूर्ण संरचनालाई निर्देशन गरिसकेको बताए । लोकतन्त्रको संस्थागत विकास ,पार्टीलाई सशक्त र क्रियाशील बनाएर अगाडि बढाउन 'प्रथम लोकतान्त्रिक महोत्सव' गर्न लागिएको सभापति श्रेष्ठले बताए । उनले भने,'पार्टीलाई जनतासँग जोड्ने, काँग्रेस निर्माणका लागि महोत्सव महत्वपूर्ण हुने उनले विश्वास व्यक्त गरे ।' सभापति श्रेष्ठले राष्ट्रियता, प्रजातन्त्र, समाजवादको रक्षा गर्दै मुलुकमा शान्ति र सुशासन कायम राख्न महोत्सवले वर्तमानको समीक्षा गर्दै भावी कार्यदिशालाई अगाडि बढाइ काँग्रेसको नेतृत्वलाई अझै सबल र सक्षम गराउने बताए ।

महोत्सवलाई व्यवस्थित बनाउन जिल्ला कार्यसमितिको बैंठक समेत बसेको छ । आइतबार पार्टी कार्यलयमा बसेको जिल्ला समितिको बैंठकले समेत महोत्सवलाई सफल बनाउन सबैलाई सहयोग गर्न आग्रह गर्ने निर्णय गरेको छ । महोत्सवमा विविध साँस्कृतिक कार्यक्रम, निशुल्क स्वास्थ्य परीक्षण शिविर, स्थानीय उत्पादनको प्रर्दशनी मेला हुने छ । कार्यक्रम पूर्वखोलाको हाटबजार रिङनेरहमा हुने काँग्रेस पूर्वखोलाले जनाएको छ ।

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२

नव जनचेतना
NAWA JANACHETANA NATIONAL DAILY

# सम्पादकीय

## हाइड्रोजन भरिएका बेलुनको प्रयोग बन्द गर

**पछिल्लो समय मेला, महोत्सव र विभिन्न औपचारिक कार्यक्रमहरुमा हाइड्रोजन भरिएका बेलुनको प्रयोग बढ्दो छ । यसको प्रयोग जोखिमपूर्ण छ भन्ने हेक्का कमैमा छ । जसले गर्दा यसको प्रयोग बढ्दो रहेको हो । हाइड्रोजन भरिएका बेलुन जोखिमपूर्ण हुने गरेको विज्ञहरुले समेत बताउँदै आएका छन् । हाइड्रोजन हल्का हुने भएकाले बेलुनमाथि उड्छ । यसैले धेरैजसो बेलुन भर्दा हाइड्रोजन प्रयोग हुने गरेको छ । यही हाइड्रोजन ग्यास भरिएका बेलुन पड्कँदा पोखरा भ्रमण वर्ष २०२५ घोषणा कार्यक्रमको उद्घाटन कार्यक्रममा उपप्रधान तथा अर्थमन्त्री विष्णु पौडेल र पोखरा महानगरपालिकाका मेयर धनराज आचार्य घाइते भएका हुन् । सामान्य तरीकाले भ्रमण वर्ष उद्घाटन गर्न सकिन्थ्यो, तर कार्यक्रम भव्य बनाउने ध्याउन्नमा सामान्य सतर्कता पनि नअपनाउँदा अर्थमन्त्री र मेयर घाइते हुने गरी दुर्घटना हुन पुगे । यो अत्यन्त दुःखको कुरा हो ।**

**हाइड्रोजनको सबैभन्दा नराम्रो पक्ष प्रज्वलनशील हुनु हो । वायुमण्डलमा भएका अक्सिजनसँग रासायनिक प्रतिक्रिया दिने र पड्किने भएकाले यसको उपयोग गर्दा निकै नै सचेत रहनुपर्ने हुन्छ । पोखरा दुर्घटनामा पनि सम्भवतः भएको त्यही हो । आगोको झिल्काले छोएपछि हाइड्रोजन भरिएको बेलुन पड्किन पुगेको थियो । जसबाट पौडेल र आचार्य आगोले छोएर घाइते हुन पुगे । दुवैको उपचार भइरहेको छ । उनीहरूको शीघ्र स्वास्थ्य लाभको कामना गरौं । घटना लापरवाही वा अज्ञानता जसरी भएको भए पनि छानबिन हुनै पर्छ । बेलुनमा भर्नै नहुने हाइड्रोजन ग्यास भर्नेलाई पनि कारवाहीको दायरामा ल्याउनुपर्छ । यसैले यस दुर्घटनाका सबै पक्षको विस्तृत अध्ययन गरेर आगामी दिनमा यस्तो हेलचेक्र्याइँ हुन नदिन सरकारले नियमन र निगरानीको आवश्यक प्रबन्ध मिलाउन आलटाल गर्नु हुँदैन । कुनै पनि सभा समारोहमा बेलुन राखेर सजाउने, बेलुन फुलाएर उडाउने जस्तो चलनलाई अब निरुत्साहित गरिनुपर्छ । हैन भने यस्तै घटना भोली अर्को सभा समारोहमा समेत नहोला भन्न सकिदैन । तसर्थ हाइड्रोजन भरिएका बेलुनको प्रयोग बन्द गर्ने कार्यमा सरकारले नै प्रतिबन्द लगाउनुपर्छ ।**

### Opinion @ Social Network

जबसम्म तपाईले सही नियतले अरुलाई केही दिनुहुन्न, अरूको सेवा गर्नुहुन्न, तब प्रकृतिले पनि तपाईलाई केही दिने वाला छैन् ।
*(जिन्दगीको फेसबुक पेजको स्टाटस https://www.facebook.com/jindagi100)*

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# गणतन्त्रको शिक्षाले नागरिक भगायो



**डा. गणेशप्रसाद घिमिरे**

***शिक्षाका माध्यमकाट भएको जीविकोपार्जनले मानिसलाई गतिशील बनाएको त हुन्छ तर मानिसलाई मानिसको रूपमा अघि बढाउन सक्दैन । त्यसैले मेकावेलीबाट आएको आधुनिक शिक्षा नै आजको संसारमा आएको शिक्षा हो । शैक्षिक आधारमा गरिएको यो मान्यताका लागि मानिसले जीवनको खोज बाहिर ल्याउनु आवश्यक मानिएको हो । आजको नेपाल त्यही आधुनिक शिक्षाको चपेटामा चेपिएको छ । आजको नेपाल शिक्षाका दृष्टिले सम्पन्न पनि छ ।***

विकास आफैँ हुने होइन । विकासका लागि राजनीतिज्ञमा दृढ इच्छाशक्ति र देशको साधनस्रोतको आवश्यकता परेको हुन्छ । त्यसो हुन सकेन भने कुनै पनि व्यवस्थामा विकासका मूल फुट्न सक्दैनन् । त्यसैले विकासको मूल आधारमा राजनीतिक स्थायित्व र राजनेताको दृढ विश्वासको आवश्यकता मानिएको पाइन्छ । नेतृत्वमा विश्वास भएन भने न त देश नै बन्छ न त देशको शिक्षाले नै विद्यार्थीमा परिवर्तन ल्याउने गरेको हुन्छ । यही परिवर्तन नै मानवीय भावनाको पहिचान हो । त्यसैले शिक्षाले मानिसको जीवनस्तरमात्र होइन मानवीय भावनामा समेत परिवर्र्तन गर्नु आवश्यक मानिन्छ । यदि त्यसो गर्न सकिएन भने देशमा दिइने शिक्षाले विदेश पलायनलाई रोक्न सक्दैन ।

आधुनिक शिक्षाका जन्मदाता मेकावेली मानिन्छन् । भारतमा अङ्ग्रेजको शासनमा उनी आएर सम्पूर्ण भारत घुमे । उनले कतै झुठ बोल्ने मानिस र चोरी गर्ने मानिस भेटेनन् । भारतमा शिक्षा गुरुकुल परम्परामा रहेको थियो । उनले बेलायतको संसद्मा भाषण गरे । भारतमा कतै पनि चोरीचकारी र झुटको अवस्था छैन । यदि भारतीयहरू यही शिक्षाका माध्यमबाट अघि बढे भने हामीले भारतमा धेरै वर्ष शासनलाई गति दिन सक्दैनौँ । भारतीयहरूलाई अङ्ग्रेजी शिक्षा दिनु आवश्यक मानिन्छ । भारतमा आधुनिक शिक्षाको आरम्भ यसरी भएको मानिन्छ । मेकावेली आधुनिक शिक्षाका जन्मदाता मानिन्छन् र सोही शिक्षा क्रमशः संसारभरि फिजियो । आजको नेपाल पनि त्यही शिक्षाको डोरी समातेर हिँडिरहेको छ ।

**उच्च शिक्षामा बेवास्ता :** शिक्षाले ज्ञानलाई वितरण गर्ने हो । ज्ञानका साथै जीविको पार्जन पनि शिक्षाको नै आधार मानिएको हुन्छ । शिक्षाका माध्यमकाट भएको जीविकोपार्जनले मानिसलाई गतिशील बनाएको त हुन्छ तर मानिसलाई मानिसको रूपमा अघि बढाउन सक्दैन । त्यसैले मेकावेलीबाट आएको आधुनिक शिक्षा नै आजको संसारमा आएको शिक्षा हो । शैक्षिक आधारमा गरिएको यो मान्यताका लागि मानिसले जीवनको खोज बाहिर ल्याउनु आवश्यक मानिएको हो । आजको नेपाल त्यही आधुनिक शिक्षाको चपेटामा चेपिएको छ । आजको नेपाल शिक्षाका दृष्टिले सम्पन्न पनि छ । नेपालको शिक्षामा परिवर्तन न आएको पनि होइन । शिक्षालाई शिक्षाका माध्यमबाट गतिशील बनाउन नेपालले विभिन्न माध्यम अपनाएको छ । माध्यमिक तहको शिक्षालाई संविधानले स्थानीय तहलाई सुम्पेको छ । स्थानीयतहबाट सञ्चालित विद्यालयहरूले प्रगति पनि गरेका छन् । शिक्षाक्षेत्रमा पसेको राजनीतिले शिक्षाक्षेत्रको अवस्थालाई दिनप्रतिदिन उकालो लगाउनुको साटो बिगार्ने अवस्थामा पनि पुऱ्याएको देखियो । विद्यालयीय शिक्षा पाएका विद्यार्थीहरू नै उच्चशिक्षाका हकदार सावित हुने हुन् । नेपालमा भने उच्चशिक्षा दिनानुदिन गिर्दो अवस्थाले अघि बढेको पाइयो । यो अवस्था सिर्जना हुनुमा हामी आफूलाई नै दोषका भागी मान्नुपर्ने हुन्छ । राज्यले शिक्षामा गरेको लगानी अनुसारको उत्पादन भयो वा भएन ? विश्वविद्यालयले दिएको शिक्षा स्नातक र स्नातकोत्तरले स्वदेशको विकासमा योगदान दियो वा दिएन । यो हेर्ने मापदण्ड आज राज्यसित छैन । राज्यबाट सञ्चालित भएका विश्वविद्यालयले नेपाली जनताका छोराछोरीलाई नेपालको पहिचानलाई गति दिने शिक्षा दिए वा दिएनन् । यसको लेखाजोखा राख्ने जिम्मा राज्यको होइन र ? नेपाल सरकारले वर्तमानमा विश्वविद्यालयका पदाधिकारीको नियुक्तिमा मेरिटोक्रेसीको अवधारणा बाहिर ल्यायो । विश्वविद्यालय सञ्चालन गर्न शोचपत्र र अवधारणापत्र पनि माग्यो । आफूलाई अब्बल ठान्ने प्राध्यापकहरू पदाधिकारी नियुक्तिका लागि लामबद्ध पनि भए । मन्त्रालयले निर्धारण गरेको मापदण्डमा आफूलाई अब्बल मानेर सहभागी पनि भए तर मेरिटोक्रेसीबाट नियुक्त भएका पदाधिकारीले पनि उच्चशिक्षालाई गति दिने अवस्थामा आफूलाई उतार्न सकेको देखिएन । विद्यार्थी राजनीतिको चपेटामा आज पनि विश्वविद्यालय परिरहेका छन् । अध्ययनभन्दा पनि राजनीतिलाई प्राथमिकता दिने विद्यार्थीको लाम आज सञ्चालित क्याम्पसहरूमा देखियो ।

नेपालमा पाएको शिक्षाले नेपालमा नै बसेर जीवनयापन गर्न नसकिने होइन । राजनीतिलाई पहिलो दर्जा र उच्च उपलब्धि मान्ने प्रवृत्तिको शिक्षा आजका विद्यार्थीमा देखियो । विश्वविद्यालयले शैक्षिक पात्रो प्रकाशन गर्न सकेको देखिएन । दश महिना अध्ययन गरेर दिइने परीक्षाका लागि विद्यार्थी अठार महिनासम्म पर्खन बाध्य भयो । यस्तो अवस्था आउनुमा दोष विश्वविद्यालय सुधार गर्न गएको पदाधिकारीको होइन र ? यो अवस्था ल्याउन राजनीति गर्ने विद्यार्थी पनि उत्तिकै जिम्मेवारीको भागी बनेको होइन र ? विद्यार्थीको राजनीति शिक्षामा आमूल परिवर्तन र जनशक्तिलाई नेपालमै रोक्ने खालको हुनुपर्ने हो । त्यसो हुनसकेन नेपालको शिक्षानीतिमा । विदेशीले दिने अनुदानमा चलेको शिक्षानीतिले कसरी सुधार गर्न सक्छ र ? हामी आफैँ बाध्य भयौँ विदेशी अनुदान लिन । हामीले लिएको अनुदानको सही सदुपयोग गणतन्त्रले गर्न नसकेको हो कि ? यसमा सोच्ने बेला भएन र हामीलाई । आजको शिक्षाले दिने सामाजिक जिम्मेवारी समाजको परिवर्तनमा केन्द्रित रहन पर्ने हो त्यसो हुन सकेन । आफ्ना भक्त र आफूलाई सहयोग गर्ने दाताबाट चलेका गुरुकुलहरूको शिक्षा नेपालको शिक्षानीतिभन्दा गतिलो तरिकाले चलेका देखिन्छन् । आजको समयमा चलेका बौद्ध गुम्बाहरूको शिक्षा पनि गतिलो तरिकाले चलेको पाईन्छ । नेपालको सन्दर्भलाई हेर्ने हो भने विश्वविद्यालयीय शिक्षा नै सबैभन्दा कमजोर बनेर आएको पाईन्छ । दश जोड दुई गरेको विद्यार्थी एक वा दुई वर्षसम्म विश्वविद्यालयको विद्यार्थी बन्न चाहँदैन । उसले बाह्र कक्षा उत्तीर्ण नगर्दै विदेशी भाषाको कक्षामा आफूलाई उतारिसकेको देखिन्छ । सामान्य वर्गको आम्दानी हुने नेपाली परिवारका छोराछोरीको अवस्था हो यो । सम्पन्न र हुनेखाने खालका छोराछोरीको हालत पनि त्यही देखिएको छ । नेपालले दिने शिक्षाले विद्यार्थीमा पलाएको असन्तुष्टिले गणतन्त्रलाई गिज्जाइरहेको देखिन्छ ।

**राजनीति कम गरौँ :** आजको शिक्षा क्षेत्रको सबैभन्दा जटिल समस्या प्राध्यापक, कर्मचारी र विद्यार्थीमा देखापरेको अस्वस्थ राजनीति हो । यो राजनीतिले नेपालको शिक्षानीतिलाई बिगारेको छ । देशको सबैभन्दा बौद्धिक व्यक्ति प्राध्यापकले आफ्नो अध्यापनभन्दा राजनीतिलाई प्राथमिकतामा राखेको हुन्छ । सबै प्राध्यापक राजनीति गर्छन् भन्ने होइन । आफ्नो कामलाई प्राथमिकतामा राख्ने प्राध्यापक पनि छन् । जो राजनीति गर्छ र विद्यार्थीलाई नपढाएर बसेको छ उही विश्वविद्यालयको सबैभन्दा उत्तम चिन्तक र शिक्षामा सुधारको वकालत गरिरहेको हुन्छ । पढाएर गुजारा गर्ने र आफूलाई अब्बल मान्ने प्राध्यापक लेखन, गोष्ठी, अध्ययनपत्रलाई प्राथमिकतामा राखेर अघि बढिरहेको हुन्छ । राजनीति गर्ने प्राध्यापक विद्यार्थीलाई प्रयोग गरेर विभिन्न प्रकारका आन्दोलनको सहयात्री बनाएर बसेको हुन्छ । यो सहयात्रा उसका लागि मह चाट्ने अवस्थाको पनि हुन सक्दछ । विद्यार्थी राजनीति विद्यार्थीको हकहित, अध्ययन अध्यापन, अनुसन्धानको विकास तथा क्याम्पसको सर्वाङ्गीण विकासका लागि हुनुपर्ने हो त्यसो हुन अझ सकेको छैन । केही आफ्नो माऊ पार्टीको आज्ञालाई तथा आफ्नो पार्टीका समर्थक प्राध्यापकको आडमा प्रशासनलाई काम गर्न नदिने अवस्थाको सिर्जना आजको विद्यार्थी राजनीतिको केन्द्र बनेको छ । कुनै पनि विश्वविद्यालयले शैक्षिक पात्रो अनुसार काम गरेका छैनन् त्यसमा विद्यार्थी सङ्गठनको चासो देखिँदैन । अभिभावकको ढाड सेकिने गरी निजी शिक्षणसंस्थाले आर्थिक लाभ लिइरहेका छन् त्यसमा उसको चासो पाइँदैन ।

विदेश पलायनलाई रोक्नका लागि शिक्षानीतिमा सुधारका योजना विश्वविद्यालयका पदाधिकारी समक्ष राखौँ भन्ने विचार विद्यार्थी सङ्गठनमा देखिँदैन । जथाभावी विषयलाई स्वीकृति दिने विश्वविद्यालयको नीतिलाई देश सुहाउँदो शिक्षानीतिका माध्यमबाट अघि बढाऊँ भन्ने चिन्ता ती सङ्गठनमा पाइँदैन । समय अनुसार विद्यार्थी सङ्गठनमा नेतृत्व हस्तान्तरण गर्ने रणनीति माऊ पार्टीमा पनि पाइँदैन । त्यसैले अस्तव्यस्त भयो नेपालको शिक्षानीति । आज हामी प्रविधिले सम्पन्न छौँ । सानाबालबालिकादेखि उच्च शिक्षासम्म हामीले प्रविधिको सहयोगबाट अध्यापन गराइरहेका छौँ । कक्षाकोठामा विद्यार्थी यो कुरा त हामीलाई सबै प्रविधिले बताएको छ भन्छ । विद्यार्थीले प्रविधिबाट अध्ययन त गरेको छ तर लेखनकला उसको कमजोर बनेको हुन्छ । कक्षाकोठामा पढेको विद्यार्थी र प्रविधिबाट अध्ययन गरेको विद्यार्थीमा हामीले स्पष्ट अन्तर देखिने अवस्थाको सिर्जना पाउँछौँ । प्रविधिमैत्रीका रूपमा नेपालको शिक्षा नीतिले पनि विद्यार्थीलाई कमजोर बनाएको छ । प्रविधि आफैँमा राम्रो हो । प्रविधिका माध्यमबाट धेरै सिकाइ हुन्छ । यो पनि सत्य हो । अध्ययन गर्ने विद्यार्थी नै प्रविधिमैत्री बनेर आफूलाई कमजोर बनाएको तथ्यलाई हामीले स्वीकार गर्न सकेनौँ । यो प्रविधिको युगमा हामीले यसो भन्न त नमिल्ने हो तर सत्य यही नै हो । मेकावेलीको शिक्षानीतिले हाम्रो प्राच्य परम्परा, गुरुसभ्यतालाई समाप्त पारेको पक्कै हो । हामीले दिने शिक्षा नेपालको हितमा होस् । हामीले दिने शिक्षा शिक्षार्थीको जीवनलाई काम लाग्ने खालको होस् । विश्वविद्यालय राजनीतिका अखडा नबनून् । कुनै पनि शिक्षणसंस्था बेकामे तालाको चपेटामा नपरून् । नेपालको शिक्षानीति विज्ञका सहायताले बनून् । मेकावेलीको शिक्षानीतिले बिगारेको शिक्षालाई हाम्रो प्राच्य परम्पराको शिक्षानीतिले सुधार्न सक्छ भन्ने विश्वासमा शिक्षा दियौँ भने हाम्रा बालबालिका अवश्य पनि कमजोर हुने छैनन् । नेपालको सर्वाङ्गीण विकास यही शिक्षाका माध्यमबाट हुन्छ भन्ने विश्वास नेपालका राजनीतिज्ञ, विश्वविद्यालयका पदाधिकारी, प्राध्यापक, विद्यालय पढाउने शिक्षक, विद्यार्थी र अभिभावकमा जाग्नु अविवार्य मानिन्छ ।

**-ईहिमालय टाइम्स डटकम**

### महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
बुटवल ०७१-५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१-५४१२३३
भैरहवा ०७१-५२०१९९
अर्घाखाँची ०७७-५२११९९
गुल्मी ०७९-५२०१९९
परासी ०७८-५२०१९९
तौलिहवा ०७६-५६००९९
पाल्पा ०७५-५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५-६९१५१५

**अस्पताल कार्यालय**
लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००, ५४०२०१
भिमअस्पताल भैरहवा ०७१-५२०१९३
मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१
पिचन्द्र परासी ०७८-५२०१८८
भैरहवा आँखा अस्पताल ०७१-५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४४५०
बुटवल हस्पितल ०७१-५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपूर डेण्टल हस्पिटल ०७१-५४७८४०
आँखा अस्पताल पाल्पा:०७५-५२०३३३, ५२११७९
रामपुर अस्पताल: ०७५-४००१५४

**एम्बुलेन्स न.**
रोटरी क्लब बुटवल ०७१-५४४६००
लियो क्लब अफ बुटवल ०७१-५४५८९३
रेडक्रस भैरहवा०७१-५२०२६३
रेयुकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४
परासी ०७८-५२०१२५
रेडक्रस पाल्पा ०७५-५२०६००
रेडक्रस तौलिहवा ०७६-५६००१५
रेडक्रस अर्घाखाँची ०७७-४२०२७५, ४२०११७
रेडक्रस गुल्मी ०८९-५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१-५४००८१
लुम्बिनी नसिङ होम प्रा.लि. ०७१-५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल ९१५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६-६९०१०२
रेडक्रस देवदह ०७१-५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लब तानसेन : ०७५-५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

### दैनिक राशिफल

| | |
|---|---|
| **मेष** : समाजमा कार्यकुशलताको चर्चा हुने छ । परीवारको सहयोग प्राप्त हुनेछ । | **तुला** : कारोबार विस्तारको लागि नयाँ योजनाहरू बन्नेछन् । |
| **वृष** : मेहनतीहरूका लागि समय उत्साहजनक रहेको छ । | **वृश्चिक** : आज स्वास्थ्यप्रति सजग रहन आवश्यक छ । मन प्रसन्न रहला। |
| **मिथुन** : बुद्धिको उपयोगले लक्ष्य प्राप्ति हुनेछ। आर्थिक पक्ष सबल रहनेछ । | **धनु** : नयाँ र शुभकार्यको चर्चा चल्नेछ। चिताएको कामले तीव्रता लिनेछ । |
| **कर्कट** : जीवनसाथीसँग तालमेल बनाएर राख्नुहोस् नत्र तनाव बढ्न सक्छ । | **मकर** : काममा सफलता मिल्नेछ । नयाँ योजना बनाउन सकिनेछ । |
| **सिंह** : धर्मकर्म तथा समाजसेवामा मन लाग्ने छ । व्यवहारले सफलतामा बाधा आउनेछ। | **कुम्भ** : भौतिक साधन जुटाउने समय छ । रमाइलो यात्राको योग रहेको छ । |
| **कन्या** : साथीको सहयोग र हौसला मिल्नेछ । यात्राको योग रहेको छ । | **मीन** : प्रेमबिच खिन्नता बढ्नेछ । ताकेको काम नबन्नाले दिक्क लाग्नेछ । |

# डोजरले फालेको ढुंगा लागेर विद्यार्थीको मृत्यु



**गुल्मी,** फागुन ४/गुल्मीमा डोजरले फालेको ढुंगाले लागेर एक विद्यार्थीको मृत्यु भएको छ । जिल्लाको इश्मा गाउँपालिका-२ छल्दीटारामा जेसीबीले बाटो खन्ने क्रममा खसालेको ढुंगाले लागेर स्कूल जाँदै गरेकी ८ वर्षीया विष्णु कुमालको मृत्यु भएको हो ।

आइतबार बिहान विद्यालय हिंडेकी कुमाललाई लु १ क ४३८६ नम्बर जेसिबीले पल्टाएको ढुंगाले लागेको थियो । ढुंगाले लागेर बालिका गम्भीर घाइते भएकी थिइन् । घाइते उनको उपचारका लागि जिल्ला अस्पताल गुल्मीमा उपचारका लगिएकोमा डाक्टरले मृत घोषणा गरेका जिल्ला प्रहरी कार्यालयले जनाएको छ । डोजरले छल्दीबाट हस्तीचौर जाने भित्री कच्ची सडक खन्ने क्रममा ढुगा पल्टिएको थियो । डोजर चालक मकवानपुर इन्द्रचौर गाउँपालिका-४ सिस्नेरीका ३६ वर्षीय राजेश रेग्मीलाई प्रहरीले नियन्त्रणमा लिएको छ । बालिकाले घर नजिकैको पालुखा माध्यमिक विद्यालयमा अध्ययन गर्दै आएकी थिइन् । अहिले बालिकाको शव गुल्मी अस्पतालमा राखिएको छ । घटनाबारे थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ ।

# रामपुरमा आहार व्यवस्थापनले...

... आहार व्यवस्थापनका लागि रामपुर-८ को वडा कार्यालयले गत वर्ष ७५ हजार सहयोग गरेको छ । आर्थिक वर्ष २०८०/८१ को बजेटमा पर्यटन मन्त्रालयबाट विनियोजित १० लाख रकमबाट झाडी सरसफाइ, पैदलमार्ग, चौतारी र पार्क निर्माण गरिएको छ । यस कार्यमा एक लाख ११ हजारको उपभोक्ताबाट श्रमदान भएको छ । झाडी र बोटबिरुवाले भरिएको यस वनलाई २०४९ सालदेखि सामुदायिक वनमा परिणत गरिएको हो ।

२०५० सालमा सामुदायिक वनलाई यहाँका स्थानीयबाट समिति गठन गरेर संरक्षणको प्रयास थालियो । यहाँ रानी, डङ्गुर, हाँडफोर, राजगिद्ध र गोब्रे जातका गिद्ध रहेका छन् । हाँडफोर गिद्ध भने समय-समयमा मात्रै देखिन्छ । वनको करिब चार हेक्टर क्षेत्रफललाई कालीगण्डकीले टापु आकारमा घरेको छ । टापुभित्रका सिमलका रूखमा मात्रै हाल १७ वटा गिद्धका गुँड रहेको छ । गिद्धले टापुक्षेत्रलाई नै बासस्थानका रुपमा रोज्ने गर्दछ । सिमलका रूखहरु काट्न थालेपछि गिद्धहरु यहाँबाट बासस्थान छाडेर अन्यत्र जान थालेका हुन् । रामपुर नगरपालिका प्रमुख रमणबहादुर थापाले वनबाट स्थानीय सरकारले प्राप्त गर्ने आयआर्जनका कुरा कानुनसँग बाझिएको कारणले रोकिएको बताए । छ प्रजातिको गिद्ध पाइने खैरेनी वनको प्रवर्द्धनका लागि नगरपालिका लागिपरेको नगर प्रमुख थापाले बताए । कालीगण्डकी नदीको धार्मिक क्षेत्र उत्तरगङ्गामा अवस्थित यस वनले पर्यटन विकास मात्र नभई पक्षी संरक्षणको अभियान थालेपछि यसले यहाँको जैविक विविधता संरक्षणमा योगदान पुगेको रामपुरका अग्रज पत्रकार बासुदेव ढकाल बताउन्छन् ।

**पर्यटक तान्दै जटायु पार्क :** गिद्ध संरक्षण र यो क्षेत्रलाई गिद्धको हबका रुपमा विकास गर्न वन समूहले जटायु पार्क निर्माण गरेको छ । करिब तीन रोपनी क्षेत्रफलमा १० लाखको लागतमा पार्क निर्माण गरिएको छ । पार्कभित्र गिद्धको प्रतिमा बनाइएको छ । पार्कभित्र पैदलमार्ग, चारैतिर घेराबार गरिएको छ । पर्यटकलाई आरामस्थलका लागि पार्क क्षेत्रमा पक्की चौतारी निर्माण गरिएको छ । जटायुपार्क निर्माण भएपछि आन्तरिक पर्यटक अवलोकन गर्न आउनेको सङ्ख्यामा वृद्धि भएको छ । गिद्धलाई पृष्ठभूमिमा राखेर फोटो तथा भिडियो खिच्ने, टिकटक बनाएर सामाजिक सञ्जालमा राख्न थालिएसँगै पर्यटक आउने क्रम बढ्दो छ ।

**यस्ता छन्, वन समूहको योजना :** वनको करिब चार हेक्टर क्षेत्रफल कालीगण्डकी नदीले टापु आकारमा घेरेको छ । यो क्षेत्र पर्यटकको आकर्षण बनिरहेको छ । त्यहाँ पुग्नका लागि एउटा झोलुङ्गे पुल बनाउने, टापु वरिपरिका भागमा रहेका बोटबिरुवालाई सुरक्षित राख्ने बताइएको छ । वनभोजस्थल बनाउने, वन क्षेत्रलाई व्यवस्थित गरी आन्तरिक पर्यटक मात्र नभई बाहृय पर्यटक भित्र्याउने योजना छ । वनको पर्यटकीय विकासका लागि दशवर्षे योजना तयार पारिएको छ । जैविक विविधता र वातावरण जोगाउने, धार्मिक, पर्यटकीय र वन जङ्गल जोगाउने अभियान उपभोक्ताको छ । कालीगण्डकी नदीको उत्तरवाहिनी क्षेत्रमा रहेकाले यो क्षेत्र धार्मिक हिसाबले महत्वपूर्ण मानिन्छ । यहाँ श्मशानघाट, झोलुङ्गेपुल, उत्तरगङ्गाघाट बनाउने योजना छ । यस वर्ष पर्यटन तथा सौन्दर्यका लागि पार्क निर्माण शीर्षकमा रु १०/१० लाख फरक-फरक शीर्षकमा बजेट विनियोजन भएको छ । वन समूहमा १४४ उपभोक्ता आबद्ध छन् । करिब ३१ दशमलव आठ हेक्टर क्षेत्रफलमा वनभित्र खयर, सिमलका रूख, खयर प्रजातिका रूखबिरुवा, स्याल, खरायो, दुम्सी, मृग, जलहाँस, कालिज, कुखुरा जस्ता पशुपक्षी छन् ।

**पक्षी संरक्षण वनको पहिचान दिने :** अबको एक दशकपछि वनलाई अवलोकन गर्ने मात्र नभई पक्षी संरक्षण गर्ने, गिद्ध संरक्षण गर्ने गरी समितिले योजनाबद्ध तरिकाले काम गरिरहेको छ । यहाँ करिब १६५ प्रजातिका चराचुरुङ्गी भेटिन्छन् । यहाँबाट गिट्टी, बालुवा, ढुङ्गा उत्खनन गर्न नदिने, पर्यटनबाट आम्दानीको स्रोत बनाउन पूर्वाधार विकासमा जोड दिइएको छ । कालीगण्डकी नदीको किनारमा अवस्थित रहेकाले पनि आन्तरिक तथा बाहृय पर्यटक भित्र्याउने गरी यहाँ घरबास बनाउने तयारी छ । कालीगण्डकीमा जलयात्रा नियमित सञ्चालन भएपछि बाहृय पर्यटक भित्रिने प्रशस्त सम्भावना छ । घरबास सञ्चालन गरेर यहाँका स्थानीयको जीवनस्तर उकास्ने खालका काममा वन समूहले गुरुयोजना बनाएको छ । गिद्धले सडेगलेका सिनो खाने भएकाले पनि रोगमुक्त बनाउन योगदान गर्छ । धार्मिक र सांस्कृतिक आस्थासँग पनि जोडिने गिद्धलाई शनि देवताको वाहनका रूपमा पुजिन्छ । विश्वमा २३ प्रजाति र नेपाललगायत दक्षिण एसियामा नौ प्रजातिका गिद्धहरु पाइन्छन् । सिकारी चरा भए पनि गिद्ध आफैंले सिकार नगरी मरेका जनावरका मासु अर्थात् सिनो मात्र खान्छ । गिद्धले मरेको सिनो खाएर प्रकृति सफा राख्ने भएकाले मानव स्वास्थ्यका दृष्टिकोणले पनि यसको संरक्षण जरुरी छ ।

## खेलकुद समाचार

### नेपाली क्रिकेट टोलीको मुख्य प्रशिक्षकका लागि आवेदन खुला

**काठमाण्डौं,** फागुन ४/रिक्त रहेको नेपाली क्रिकेट टोलीको मुख्य प्रशिक्षकका लागि आवेदन खुला भएको छ । नेपाल क्रिकेट संघ (क्यान) ले शनिबार मुख्य प्रशिक्षकका लागि आवेदन खुला गरेको हो । क्यानका अनुसार यही १६ गतेसम्म मुख्य प्रशिक्षकका लागि आवेदन दिन सकिनेछ ।


क्यानका अनुसार मुख्य प्रशिक्षकका लागि कम्तिमा पनि ईसीबी वा सिएबाट लेभल-३ पार गरेको, कम्तिमा पाँच वर्ष व्यवसायिक रूपमा प्रशिक्षणको अनुभव भएको लगायत मापदण्ड तोकिएको छ । यसअघि मुख्य प्रशिक्षक मोन्टी देसाईको दुई वर्षे कार्यकाल गएको माघ १९ मा सकिएपछि नेपाली क्रिकेट टोली मुख्य प्रशिक्षकविहिन छ ।

वर्गिकृत डिस्प्ले
१ X ५ साइजमा मात्र
वर्गिकृत डिस्प्लेमा विज्ञापन दिनुहोस् व्यवसाय बढाउनुहोस् ।
सम्पर्क: ०७५-५२०६०१

मनको आवाज............
'नाम पनि यूनिक, काम पनि यूनिक'
यूनिक एफ.एम. ९४.२ मेगाहर्ज
विज्ञापनको लागि सम्पर्क :
यूनिक शोसियल कम्यूनिकेशन प्रा.लि.
तानसेन, पाल्पा
०७५-५२१४६४, ५२१४६६
E-mail
news.uniquefm@gmail.com
www.uniquefm942.com

## अर्थ/कर्पोरेट समाचार

# नेप्से दोहोरो अंकले वृद्धि



**पाल्पा,** फागुन ४/साताको पहिलो कारोबार दिन नेपाल स्टक एक्सचेञ्ज (नेप्से) परिसूचक दोहोरो अंकले वृद्धि भएको छ । आइतबार नेप्से परिसूचक १९ दशमलव ५६ अंकले वृद्धि भएको हो ।

नेप्से बढेसँगै दुई हजार छ सय ९८ दशमलव ०३ को विन्दुमा कायम भएको छ । सो अवधिमा तीन सय नौ कम्पनीको दुई करोड नौं लाख ८४ हजार चार सय ४० कित्ता शेयर ९६ हजार दुई सय ८२ पटक खरिदबिक्री हुँदा नौ अर्ब ४७ करोड तीन लाख आठ हजार दुई सय ६६ बराबरको कारोबार भएको छ । सो अवधिको कारोबारमा म्युचुअल फन्ड शून्य दशमलव ११ र निर्जीवन बिमा एक दशमलव २८ प्रतिशतले घटेको छ भने अरु सबै समूहको उपसूचक बढेको छ । वित्त समूह सबैभन्दा धेरै चार दशमलव ९४ प्रतिशतले बढेको छ । बैंकिङ शून्य दशमलव ९८, विकास बैंक शून्य दशमलव ०८, होटल तथा पर्यटन एक दशमलव ९५ र जलविद्युत् शून्य दशमलव ३६ प्रतिशतले बढेको छ । त्यस्तै, लगानी एक दशमलव १७, जीवन बीमा शून्य दशमलव ३९, उत्पादन तथा प्रशोधन शून्य दशमलव २०, लघुवित्त एक दशमलव ८६, व्यापार शून्य दशमलव २५ र अन्य समूह शून्य दशमलव ३८ प्रतिशतले बढेको छ । विन नेपाल लघुवित्त वित्तीय संस्था लिमिटेड, गुराँस लघुवित्त वित्तीय संस्था लिमिटेड, जानकी फाइनान्स कम्पनी लिमिटेड, नेपाल फाइनान्स लिमिटेडको शेयर मूल्यमा सकारात्मक सर्किट लागेको छ भने न्यादी हाईड्रोपावर लिमिटेडको शेयर मूल्यमा नकारात्मक सर्किट लागेको छ ।

कारोबार रकमका आधारमा सबैभन्दा धेरै एनआरएन इन्फ्रास्ट्रक्चर एन्ड डेभलपमेन्ट लिमिटेडको ३३ करोड ५४ लाख ७५ हजार एक सय २९ बराबरको कारोबार भएको छ । कारोबार भएका शेयर संख्याका आधारमा भने सबैभन्दा धेरै एनआईबिएल स्टेबल फन्डको सात लाख ११ हजार तीन यस ८४ कित्ता शेयर किनबेच भएको छ ।

## प्रजातन्त्रका मुलभूत मान्यता

- जनताको बहुदलीय लोकतान्त्रिक शासन प्रणाली,
- मौलिक हक र मानव अधिकार,
- आवधिक निर्वाचन,
- बालिग मताधिकार,
- नागरिक स्वतन्त्रता,
- स्वतन्त्र, निष्पक्ष र सक्षम न्यायपालिका,
- कानूनी राज्यको अवधारणा,
- पूर्ण प्रेस स्वतन्त्रता,
- शक्ति पृथकीकरण, नियन्त्रण र सन्तुलन ।

नेपाल सरकार
**विज्ञापन बोर्ड**

हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।



जनचेतना दैनिकको आधिकारीक वेबसाईट
शितलपाटी .कम
www.shittalpati.com
डिजिटल पत्रिका



कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:कैलाशनगर-५,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्धक : इन्द्रा भट्टराई, सम्पादक: रामचन्द्र रायमाझी, प्रधान सम्पादक: जगदीशप्रसाद भट्टराई